# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, फागुन १ गते २०५७ साल (संख्या ४३


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन ऐन, २०४९ को दफा ७०क. ले दिएको अधिकार प्रयोग गरी जैविक विविधता र वातावरण संरक्षणको प्रयोजनको लागि देहायका वन पैदावारहरूलाई देहायबमोजिम प्रतिबन्ध लगाएको छ :–

१. सङ्कलन, उपयोग बिक्री वितरण, ओसार पसार र बिदेशी निकासी गर्न प्रतिबन्ध लगाइएका जडीबुटीहरू :–

(क) पाँच औंले (ख) ओखरको बोक्रा (ग) कुटकी

२. वन विभागको स्वीकृति लिएर प्रशोधन गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक विदेश निकासी गर्न प्रतिबन्ध लगाइएका जडीबुटीहरू :–

(क) जटामसी (ख) सर्पगन्धा (ग) सुगन्धकोकिला
(घ) सुगन्धवाल (ङ) झ्याउ (च) शिलाजित
(छ) तालिस पत्र (ज) लोठ सल्ला (झ) यार्सागुम्बा

३. व्यापारिक प्रयोजनको लागि ओसार पसार, विदेश निकासी र कटान गर्न प्रतिबन्ध लगाइएका रूखहरू :–

(क) चाँप (ख) खयर (ग) साल
(घ) सिमल (ङ) सतीसाल (च) बिजयसाल
(छ) ओखर (राष्ट्रिय वनको मात्र)


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य :– उल्लिखित प्रतिबन्ध व्यवस्थापन योजनामा उल्लेख भएबमोजिमका लडापढा रूखमा र प्राथमिकता प्राप्त आयोजनाहरूबाट कटान हुने रूखको हकमा लागू हुने छैन ।

खण्ड ४४, अतिरिक्ताङ्क ५४, मिति २०५१ साल चैत्र २० गते र खण्ड ४६, संख्या ३२, मिति २०५३ साल मंसिर १० गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
रवि शर्मा अर्याल
उपसचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बैंकिङ्ग सेवामा हडताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ ।

आज्ञाले,
श्रीकान्त रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।